# ककनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रानीपौवा, नुवाकोट
२०७३
३ नं. प्रदेश, नेपाल

प.सं.: २०७९/८०
च.नं.: ४३

मिति: ..................................

**विषय : MBBS र BE अध्ययन गर्ने विद्यार्थीले छात्रवृत्ति का लागि आवेदन पेश गर्ने बारेको सूचना।**

**श्री जो जस संग सम्बन्ध राख्दछ।**

प्रस्तुत विषयमा यस ककनी गाउँपालिकाको लागि गाउँकार्यपालिकाको मिति २०७९।५।३१ गतेको बैठकबाट स्वीकृत चिकित्सा शिक्षा तर्फ MBBS तथा ईन्जिनियरिङ शिक्षा तर्फ BE अध्ययन गर्ने विद्यार्थीका लागि छात्रवृत्ति वितरण कार्यविधि २०७९ अनुसार छात्रवृत्ति प्राप्त गर्न योग्य र ईच्छुक विद्यार्थीहरुले तपशिलका कागजातहरुको प्रतिलिपि सहित गाउँकार्यपालिकाको कार्यालय, ककनीको शिक्षा, युवा तथा खेलकुद शाखामा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कार्यविधिको अनुसूची-१ को ढाँचामा आवेदन पेश गर्न हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै सूचना सँग सम्बन्धि विस्तृत जानकारी गाउँपालिकाको website: https://kakanimun.gov.np/ मा रहेको ककनी गाउँपालिकाको चिकित्सा शिक्षा तर्फ MBBS तथा ईन्जिनियरिङ शिक्षा तर्फ BE अध्ययन गर्ने विद्यार्थीका लागि छात्रवृत्ति वितरण कार्यविधि २०७९ बाट लिन सकिने व्यहोरा समेत अनुरोध छ।

केशव ज्ञवाली ६।१४
शिक्षा अधिकृत

केशव ज्ञवाली
शिक्षा अधिकृत

**तपशिल**

**MBBS छात्रवृत्तिका लागि आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
२. SLC/SEE परीक्षा उत्तिर्ण भएको लब्धाङ्क र चारित्रिक प्रमाण पत्रको प्रतिलिपी,
३. कक्षा १२ उत्तिर्ण गरेको लब्धाङ्क र चारित्रिक प्रमाण पत्रको प्रतिलिपी,
४. चिकित्सा शिक्षा आयोगबाट लिइएको प्रवेश परीक्षा उत्तिर्ण गरेको प्राप्ताङ्क सहितको विवरण उल्लेखित प्रमाणको प्रतिलिपी,
५. दलित, आदिवासी, जनजाती, सिमान्तकृत, लोपउन्मुख समुदाय, द्वन्द पिडित र सहिद परिवार भए सम्बन्धित निकायबाट सोको प्रमाणित गरेको कागजात,
६. अपाङ्गता भएको भए सोको परिचय पत्रको प्रतिलिपी,
७. सम्बन्धित वडा कार्यालयबाट आर्थिक रुपमा विपन्नता ( अति विपन्न,मध्यम खालको विपन्न वा सामान्य विपन्न )भएको सिफारिस पत्र,
८. MBBS भर्ना भएको निस्साको प्रतिलिपी,
९. अध्ययनरत कलेजले निजले कतैबाट पनि MBBS अध्ययन गर्न छात्रवृत्ति प्राप्त गरेको छैन भनी उल्लेख गरेको सिफारिस पत्र।

**BE छात्रवृत्तिका लागि आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
२. SLC/SEE परीक्षा उत्तिर्ण भएको लब्धाङ्क र चारित्रिक प्रमाण पत्रको प्रतिलिपी,
३. कक्षा १२ उत्तिर्ण गरेको लब्धाङ्क र चारित्रिक प्रमाण पत्रको प्रतिलिपी,
४. दलित, आदिवासी, जनजाती, सिमान्तकृत, लोपउन्मुख समुदाय, द्वन्द पिडित र सहिद परिवार भए सम्बन्धित निकायबाट सोको प्रमाणित गरेको कागजात,
५. अपाङ्गता भएको भए सोको परिचय पत्रको प्रतिलिपी,
६. सम्बन्धित निकायबाट लिइएको प्रवेश परीक्षाको प्राप्ताङ्क सहितको विवरण उल्लेखित प्रमाणको प्रतिलिपी,
७. सम्बन्धित वडा कार्यालयबाट आर्थिक रुपमा विपन्नता (अति विपन्न, मध्यम खालको विपन्न वा सामान्य विपन्न) भएको सिफारिस पत्र,
८. BE भर्ना भएको निस्साको प्रतिलिपी,
९. अध्ययनरत कलेजले निजले कतैबाट पनि BE अध्ययन गर्न छात्रवृत्ति प्राप्त गरेको छैन भनी उल्लेख गरेको सिफारिस पत्र।

बोधार्थ/कार्यार्थ : श्री सूचना प्रविधि शाखा ( गाउँपालिकाको website मा यो सूचना अपलोड गरिदिन हुन )

CamScanner

## ककनी गाउँपालिकाको चिकित्सा शिक्षा तर्फ MBBS तथा ईञ्जिनियरिङ शिक्षा तर्फ BE अध्ययन गर्ने विद्यार्थीका लागि छात्रवृत्ति वितरण कार्यविधि २०७९

**प्रस्तावना :** ककनी गाउँपालिका भित्र प्राविधिक जनशक्ति तथा विशेषज्ञ उत्पादन गर्ने उद्देश्यले गरिव तथा जेहन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न वान्छनीय भएकोले ककनी गाउँपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७५ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ।

**प्रारम्भिक :**

**१.संक्षिप्त नाम र परिभाषा :** (क) यो कार्यविधिको नाम ककनी गाउँपालिकाको चिकित्सा शिक्षा तर्फ MBBS तथा ईञ्जिनियरिङ शिक्षा तर्फ BE अध्ययन गर्ने विद्यार्थीका लागि छात्रवृत्ति वितरण कार्यविधि,२०७९ रहेको छ।

(ख) यो कार्यविधि ककनी गाउँपालिका क्षेत्रभर लागु हुनेछ।

(ग) यो कार्यविधि गाउँकार्यपालिकाको बैठकबाट निर्णय भए पश्चात लागु हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

**(क) "कार्यपालिका"** भन्नाले ककनी गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

(ख) **"अध्यक्ष"** भन्नाले ककनी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

(ग) **"प्रमूख प्रशासकिय अधिकृत"** भन्नाले ककनी नगरपालिकाको प्रमूख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ।

(घ) "**चिकित्सा शिक्षा तर्फ MBBS तथा ईञ्जिनियरिङ शिक्षा तर्फ BE अध्ययन गर्ने विद्यार्थीका लागि छात्रवृत्ति"** भन्नाले ककनी गाउँपालिका भित्रको सामुदायिक माध्यमिक विद्यालयमा कक्षा १० (SEE) उत्तिर्ण गरी गाउँपालिका भित्र नै स्थायी बसोवास गरेको आर्थिक रुपमा विपन्न तथा जेहन्दार विद्यार्थीलाई MBBS र BE अध्ययनका लागि तोकिएको नम्सका आधारमा प्रदान गरिने रकम सम्झनुपर्दछ।

(ङ.) **"आर्थिक रुपमा विपन्न"** भन्नाले विद्यार्थी स्थायी रुपमा बसोवास गर्दै आएको सम्बन्धित वडा कार्यालयले अति विपन्न, मध्ययम खालको विपन्न, सामान्य विपन्न भनी खुलाई आर्थिक रुपमा विपन्न भनी सिफारिस गरेको विद्यार्थीलाई सम्झनु पर्दछ।

**(च) "जेहन्दार विद्यार्थी"** भन्नाले कक्षा १२ अध्ययन गरेको विद्यालयले जेहन्दार विद्यार्थी भनी सिफारिस गरेको विद्यार्थीलाई सम्झनु पर्दछ।

(छ) **"गाउँ शिक्षा समिति"** भन्नाले ककनी गाउँपालिकाको गाउँ शिक्षा समिति सम्झनु पर्दछ।

**३.कार्यविधिको उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन्।

(क) छात्रवृत्ति वितरणका लागि पारदर्शी र स्पष्ट आधार तयार गर्ने।

(ख) गाउँपालिकामा प्राविधिक जनशक्ति तथा विशेषज्ञ उत्पादन गरी सहजै आफूर्ति प्रबन्ध मिलाउने।

(ग) विनियोजित वजेट र छात्रवृत्ति कार्यक्रम वास्तविक लक्षित वर्ग सम्म व्यवस्थित एवं पारदर्शि तरिकाबाट पुर्याउने।

**४. छात्रवृत्तिका प्रकारहरु :**

(क) चिकित्साशास्त्र तर्फ: MBBS छात्रवृत्ति

(ख) ईञ्जिनियरिङ तर्फ: BE छात्रवृत्ति (Civil Engineering, Electronic Engineering, Industrial Engineering, Electrical Engineering, Computer Engineering, Mechanical Engineering, Automobile Engineering, Geometics Engineering, Agricultural Engineering, Architecture Engineering, Aerospace Engineering)

**५.चिकित्साशास्त्र तर्फ: MBBS छात्रवृत्ति वितरणका आधारभुत मापदण्ड :** यो छात्रवृत्ति सुरुदेखि भर्ना भएकाको हकमा मात्र लागु हुनेछ साथै यसका आधारभुत मापदण्ड देहाय अनुसार रहनेछ।

(क) आवेदकले ककनी गाउँपालिकाको सामुदायिक माध्यमिक विद्यालयबाट कक्षा १० उत्तिर्ण गरेको हुनुपर्नेछ।

(ख) माध्यमिक तह कक्षा ११-१२ सामुदायिक वा संस्थागत विद्यालयबाट जुन विद्यालयमा अध्ययन गरेको भए पनि यो कार्यक्रममा सहभागि हुन सक्नेछन्।

(ग) आवेदक ककनी गाउँपालिका भित्र स्थायी रुपमा बसोवास गरेको हुनुपर्नेछ।

(घ) नेपाल सरकारबाट स्वीकृत विश्वविद्यालय अन्तरगतका कलेजमा भर्ना गरी अध्ययन गरेका विद्यार्थीले मात्र यो कार्यक्रममा सहभागि हुन सक्नेछन्।

(ङ) यो छात्रवृत्ति हरेक वर्ष १/१ जनालाई क्रमिक रुपमा उपलब्ध गराउँदै लगिनेछ।

(च) यो छात्रवृत्ति प्रति विद्यार्थी वार्षिक रुपमा ५ लाखका दरले ५ वर्ष सम्म उपलब्ध गराईनेछ।

(छ) यो छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले अध्ययन अवधि पुरा गरे पश्चात कम्तीमा २ वर्ष गाउँपालिकामा गाउँकार्यपालिकाले तोकेको तलब भत्ता प्राप्त गर्ने गरी अनिवार्य सेवा गर्नु पर्नेछ।

(छ) यो छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले प्राप्त गर्नुपूर्व अनुसूची ३ अनुसार गाउँपालिकामा अभिभावक/संरक्षकको रोहवरमा गाउँपालिकामा गर्नुपर्ने अनिवार्य सेवाको लागि कबुलियतनामा गर्नुपर्नेछ।

(ज) अनुसूची ३ बमोजिम गरेको कबुलियतनामा अनुसारको सेवा अनिवार्य नगरेमा गाउँपालिकाले उपलब्ध गराएको छात्रवृत्तिको दोब्बर रकम निजको जायजेथाबाट असुल उपर गर्नेछ।

(झ) यो छात्रवृत्तिका लागि विद्यार्थी छनौटका आधारहरु अनुसूची २ (क) मा उल्लेख गरिए अनुसार हुनेछ।

(ञ) अध्ययनरत कलेजले निजले नेपाल सरकार वा अन्य निकायबाट कुनै पनि छात्रवृत्ति प्राप्त गरेको छैन भन्ने प्रमाणित पत्र पेश गर्नुपर्नेछ।

**६ ईञ्जिनियरिङ तर्फ : BE छात्रवृत्ति वितरणका आधारभुत मापदण्ड :**

(क) आवेदकले ककनी गाउँपालिकाको सामुदायिक माध्यमिक विद्यालयबाट कक्षा १० उत्तिर्ण गरेको हुनुपर्नेछ।

(ख) माध्यमिक तह कक्षा ११-१२ सामुदायिक वा संस्थागत विद्यालयबाट जुन विद्यालयमा अध्ययन गरेको भए पनि यो कार्यक्रममा सहभागि हुन सक्नेछन्।

(ग) आवेदक ककनी गाउँपालिका भित्र स्थायी रुपमा बसोवास गरेको हुनुपर्नेछ।

(घ) नेपाल सरकारबाट स्वीकृत विश्वविद्यालय अन्तरगतका कलेजमा भर्ना गरी अध्ययन गरेका विद्यार्थीले मात्र यो कार्यक्रममा सहभागि हुन सक्नेछन्।

(ङ) यो छात्रवृत्ति हरेक वर्ष १/१ जनालाई क्रमिक रुपमा उपलब्ध गराउँदै लगिनेछ।

(च) यो छात्रवृत्ति प्रति विद्यार्थी वार्षिक रुपमा २ लाख ५० हजारका दरले ४ वर्ष सम्म उपलब्ध गराईनेछ।

CamScanner

(छ) यो छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले अध्ययन अवधि पुरा गरे पश्चात कम्तीमा २ वर्ष गाउँपालिकामा गाउँकार्यपालिकाले तोकेको तलब भत्ता प्राप्त गर्ने गरी अनिवार्य सेवा गर्नु पर्नेछ।

(छ) यो छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले प्राप्त गर्नुपूर्व अनुसूची ३ बमोजिम गाउँकार्यपालिकाको कार्यालयमा अभिभावक/संरक्षकको रोहवारमा गाउँकार्यपालिकाको कार्यालयमा गर्नुपर्ने अनिवार्य सेवाको लागि कबुलियतनामा गर्नुपर्नेछ।

(ज) अनुसूची ३ बमोजिम गरेको कबुलियतनामा अनुसारको सेवा अनिवार्य सेवा नगरेमा गाउँपालिकाले उपलब्ध गराएको छात्रवृत्तिको दोब्बर रकम निजको जायजेथाबाट अनसुल उपर गर्नेछ।

(झ) यो छात्रवृत्तिका लागि विद्यार्थी छनौटका आधारहरु अनुसूची २ (ख) मा उल्लेख गरिए अनुसार हुनेछ।

(ञ) अध्ययनरत कलेजले निजले नेपाल सरकार वा अन्य निकायबाट कुनै पनि छात्रवृत्ति प्राप्त गरेको छैन भन्ने प्रमाणित

**७. छात्रवृत्ति वितरण प्रकृया :** छात्रवृत्ति वितरण गर्दा देहाय अनुसारका प्रकृया अवलम्वन गर्नुपर्नेछ।

(क) हरेक वर्ष गाउँकार्यपालिकाको कार्यालयले कम्तीमा ३५ दिनको सूचना प्रकाशन गरी अनुसूची १ बमोजिमको निवेदन आहवान गर्नेछ। यसरी सूचना प्रकाशन गर्दा गाउँपालिकाको website बाट अनिवार्य रुपमा सूचना सार्वजनिक गर्नुपर्नेछ।

(ख) प्राप्त भएका निवेदन र निवेदकले पेश गरेका कागज पत्रको आधारमा अनुसूची २ (क) र २ (ख) बमोजिमका छनौटका आधारमा गाउँ शिक्षा समितिको बैठकले निवेदकहरुको मूल्याङ्कन सूची तयार गरी सबै भन्दा उच्च अंक प्राप्त गर्ने आवेदकका लागि छात्रवृत्ति उपलब्ध गराउन गाउँ कार्यपालिकाको बैठकलाई सिफारिस गर्नेछ र कार्यपालिकाको बैठकले निर्णय गरे पश्चात उक्त आवेदकलाई छात्रवृत्ति उपलब्ध गराईनेछ। अनुसूची २ (क) र २ (ख) मा उल्लेखित विद्यार्थी छनौटका आधारहरु मध्ये आर्थिक रुपमा विपन्नताको अवस्था सम्बन्धमा गाउँ कार्यपालिकाको बैठकले आवश्यक ठानेमा उक्त आवेदकको स्थलगत रुपमा अनुगमन गरी सिफारिस गर्न गाउँपालिकाका उपाध्यक्षको संयोजकत्वमा वढीमा ३ सदस्यीय जाँचबुझ समिति गठन गरी गाउँकार्यपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्न सक्नेछ।

**८.छात्रवृत्ति निकाशा गर्ने विधि :** छनौट भएको विद्यार्थीलाई छात्रवृत्ति रकम उपलब्ध गराउँदा निम्न अनुसारका कागजात अनिवार्य रुपमा संलग्न गरी रकम भुक्तानीका लागि गाउँकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ।

(क) कलेजमा भर्ना गर्दा सम्बन्धित कलेजले उपलब्ध गराउने भर्नाको निस्साको प्रतिलिपि।

(ख) सम्बन्धित कलेजले उक्त कलेजमा अध्ययन गरिरहेको भनी छात्रवृत्ति उपलब्ध गराईदिन भनी उल्लेख गरेको सक्कलै पत्र।

(ग) जन्मदर्ताको प्रतिलिपी, नेपाली नागरिकताको प्रतिलिपि।

(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

(ङ) अध्ययनरत वर्षको सेमेष्टर अनुसारको नतिजाको प्रमाण पत्रको प्रतिलिपी।

(च) पिता/पति को नागरिकताको प्रतिलिपी।

(छ) अनुसूची ३ अनुसारको कबुलियतनामाको प्रतिलिपी।

(ज) गाउँपालिकाको शिक्षा शाखाको सिफारिस।

CamScanner

**९.कार्यविधिको व्याख्या गर्न सक्ने:** कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरुले काम कारवाहीमा अस्पष्टता सिर्जना गरेमा कार्यविधिको मर्म तथा प्रचलित कानुनको प्रतिकुल नहुने गरी आवश्यक व्याख्या गर्ने अधिकार गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाको बैठकलाई हुनेछ ।

**१०. कार्यविधि संशोधन :** यस कार्यविधिको कुनै पनि दफा तथा उपदफा समय अनुसार संशोधन गर्नुपर्ने आवश्यकता देखिएमा गाउँकार्यपालिकाको बैठकले संशोधन गर्न सक्नेछ ।

११. कार्यविधि लागु हुने : यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित ऐन कानुनमा स्पष्ट उल्लेख भएको अवस्था र प्राबधानहरुको हकमा सोही बमोजिम हुनेछ ।

अनुसूची-१
दफा ७ को (क) संग सम्बन्धित
आवेदन फाराम

श्रीमान प्रमूख प्रशासकिय अधिकृत ज्यू
गाउँकार्यपालिकाको कार्यालय, ककनी, नुवाकोट।

**विषय : छात्रवृत्ति पाउँ भन्ने सम्यन्धमा।**

महोदय,
प्रस्तुत विषयमा त्यस गाउँकार्यपालिकाको कार्यालयको मिति......को प्रकाशित सूचना अनुसार MBBS/BE अध्ययनका लागि छात्रवृत्ति उपलब्ध गराईदिनु हुन निम्न अनुसारको विवरण सहित यो निवेदन पेश गरेको छु।

१.निवेदकको नाम :
२. लिङ्ग :
३. जन्म मिति :
४. स्थायी ठेगाना :
५. नागरिकता प्र.प्र.नं
६. जारी मिति र जिल्ला
७. जातिगत समूह :
८. अन्य अवस्था : ( अपाङ्गता/द्वन्द पिडित/सहिद परिवार)
९. परिवारको जीविकोपार्जनको मुख्य स्रोत:
१०. परिवारको वार्षिक अनुमानित आम्दानी रु

.................
**दस्तखत र मिति**

CamScanner

**अनुसूची २ (क)**

**दफा ५ को (झ) संग सम्बन्धित**

**चिकित्साशास्त्र तर्फ MBBS छात्रवृत्ति वितरणका लागि विद्यार्थी छनौटका आधारहरु :**

१. कक्षा १० (SEE) नतीजामा औषत GP ३.६१ देखि ४ सम्म भए १० अंक, ३.२ देखि ३.६० सम्म भए ५ अंक सो भन्दा तलको GP भए २ अंक दिने।

२. कक्षा १० (SEE) नतीजामा विज्ञान विषयको औषत GP ३.६१ देखि ४ सम्म भए ५ अंक, ३.२ देखि ३.६० सम्म भए ३ अंक सो भन्दा तलको GP भए १ अंक दिने।

३. कक्षा १० (SEE) नतीजामा गणित विषयको औषत GP ३.६१ देखि ४ सम्म भए ५ अंक, ३.२ देखि ३.६० सम्म भए ३ अंक सो भन्दा तलको GP भए १ अंक दिने।

४. कक्षा १२ को नतीजामा औषत GP ३.६१ देखि ४ सम्म भए १० अंक, ३.२ देखि ३.६० सम्म भए ५ अंक सो भन्दा तलको GP भए २ अंक दिने।

५. कक्षा १२ को Biology विषयमा औषत GP ३.६१ देखि ४ सम्म भए ५ अंक, ३.२ देखि ३.६० सम्म भए ३ अंक सो भन्दा तलको GP भए १ अंक दिने।

६. कक्षा १२ को नतीजामा Physics विषयको औषत GP ३.६१ देखि ४ सम्म भए ५ अंक, ३.२ देखि ३.६० सम्म भए ३ अंक सो भन्दा तलको GP भए १ अंक दिने।

७. चिकित्सा शिक्षा आयोगबाट लिइएको प्रवेश परीक्षाको प्राप्ताङ्कको भार १० अंक हुने र प्राप्त गरेको अंकलाई २० ले भाग गर्दा आउने अंक दिने

८. महिला, दलित, आदिवासी जनजाती, सिमान्तकृत, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, द्वन्द पिडित, सहिद परीवार मध्येबाट भए वढीमा १० अंक

९. आर्थिक रुपले विपन्नता वापत वडा कार्यालयको सिफारिसमा वढीमा ४० अंक अति विपन्न वापत ४०, मध्ययम खालको विपन्नता वापत २५, सामान्य खालको विपन्नता वापत १५ अंक दिने

CamScanner

## अनुसूची २ (ख)

## दफा ६ को (झ) सँग सम्बन्धित

**ईञ्जिनियरिङ तर्फ : BE छात्रवृत्ति वितरणका लागि विद्यार्थी छनौटका आधारहरु :**

१. कक्षा १० (SEE) नतीजामा औषत GP ३.६१ देखि ४ सम्म भए १० अंक, ३.२ देखि ३.६० सम्म भए ५ अंक सो भन्दा तलको GP भए २ अंक दिने।

२. कक्षा १० (SEE) नतीजामा विज्ञान विषयको औषत GP ३.६१ देखि ४ सम्म भए ५ अंक, ३.२ देखि ३.६० सम्म भए ३ अंक सो भन्दा तलको GP भए १ अंक दिने।

३. कक्षा १० (SEE) नतीजामा गणित विषयको औषत GP ३.६१ देखि ४ सम्म भए ५ अंक, ३.२ देखि ३.६० सम्म भए ३ अंक सो भन्दा तलको GP भए १ अंक दिने।

४. कक्षा १२ को नतीजामा औषत GP ३.६१ देखि ४ सम्म भए १० अंक, ३.२ देखि ३.६० सम्म भए ५ अंक सो भन्दा तलको GP भए २ अंक दिने।

५. कक्षा १२ नतीजामा गणित विषयको औषत GP ३.६१ देखि ४ सम्म भए ५ अंक, ३.२ देखि ३.६० सम्म भए ३ अंक सो भन्दा तलको GP भए १ अंक दिने।

६. कक्षा १२ नतीजामा Physics विषयको औषत GP ३.६१ देखि ४ सम्म भए ५ अंक, ३.२ देखि ३.६० सम्म भए ३ अंक सो भन्दा तलको GP भए १ अंक दिने।

७. सम्बन्धित निकायबाट लिइएको प्रवेश परीक्षाको प्राप्ताङ्कको अधिकतम भार १० अंक हुने।

८. महिला, दलित, आदिवासी जनजाती, सिमान्तकृत, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, द्वन्द पिडित, सहिद परीवार मध्येबाट भए वढीमा १० अंक

९. आर्थिक रुपले विपन्नता वापत वडा कार्यालयको सिफारिसमा वढीमा ४० अंक अति विपन्न वापत ४०, मध्ययम खालको विपन्नता वापत २५, सामान्य खालको विपन्नता वापत १५ अंक दिने

गाउँपालिका ... कार्यालय ... नुवाकोट ... प्रदेश नेपाल

CamScanner

## अनुसूची-३

### दफा ५ को (छ) र ६ को (छ) संग सम्बन्धित

### कबुलियतनामा

श्री..................को नाति/नातिनी श्री ........को छोरा/छोरी ....बस्ने....मितिमा जन्म भएको म.......ककनी गाउँपालिकाबाट MBBS/BE अध्ययन गर्न छात्रवृत्ति प्राप्त भए पछी निरन्तर रुपमा अध्ययन गर्नेछु । मैले छात्रवृत्ति पाएको विषयमा अध्ययन पुरा गरेपछि त्यस गाउँकार्यपालिकाले खटाएको क्षेत्र/स्थानमा कम्तीमा २ वर्ष सेवा गर्नेछु । यस कार्यविधि बमोजिम अध्ययन पुरा नगरेमा,छात्रवृत्ति प्राप्त गरेको विषय परिवर्तन गरेमा वा कुनै कारणवस यो छात्रवृत्ति करार सम्झौता रद्द गर्नु परेमा मैले छात्रवृत्ति वापत पाएको सुविधाको दोब्बर रकम बुझाउनेछु । यो रकम नबुझाएमा सरकारी बाँकी सरह असुल उपर गरेमा मेरो मञ्जुरी छ ।

**विद्यार्थीको**

हस्ताक्षर :

नाम :

मिति :

ठेगाना :

नाप्रनं/जारी मिति र जिल्ला :

**अभिभावकको**

हस्ताक्षर:

नाम :

मिति :

ठेगाना :

नाप्रनं/जारी मिति र जिल्ला :

विद्यार्थीको ल्याप्चे सहीछाप

| दायाँ | वायाँ |
|---|---|
| | |

अभिभावकको ल्याप्चे सहीछाप

| दायाँ | वायाँ |
|---|---|
| | |

रोहवर : प्रमूख प्रशासकिय अधिकृत